## विज्ञप्ती १

कर्मचारी समायोजन अध्यादेश, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन गर्ने कार्य प्रारम्भ भईसकेको छ । अध्यादेशको दफा ६ को उपदफा (४) बमोजिम साविक स्थानीय निकायबाट स्थायी नियुक्ति पाई बहाल रहेका कर्मचारीहरुलाई आफ्नो कार्यपालिकाबाट निर्णय गराई सम्बन्धित कर्मचारीहरुलाई निजहरुको स्थायी नियुक्ति पत्रको सक्कल प्रति रुजु गरी १० दिनभित्र समायोजनको पत्र दिई सोको जानकारी यस मन्त्रालयलाई समेत दिन सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुलाई परिपत्र गरिसकिएको र त्यसरी समायोजन भएर बाँकी रहेका स्थानीय तहको रिक्त दरबन्दीमा सरकारी सेवाबाट कर्मचारीहरु समायोजन गरिने हुँदा १० दिनभित्र सो काम सम्पन्न गरी विवरण यस मन्त्रालयमा पठाइदिनुहुन सबै स्थानीय तहहरुलाई अनुरोध छ । आफ्नो स्थानीय तहका स्थायी कर्मचारीहरुलाई कार्यपालिकाबाट निर्णय गराई तोकिएको अवधीभित्रै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र कर्मचारी समायोजन अध्यादेश, २०७५ को व्यवस्था बमोजिम समायो जन गर्ने गराउने कार्यमा नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका प्रमुख तथा उपप्रमुखज्यूहरु, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षज्यूहरुलाई सहयोग, सहजीकरण र समन्वय र व्यवस्थापनको निम्ति मन्त्रालय हार्दिक अनुरोध गर्दछ । त्यसैगरी, आफ्नो जिल्लाभित्रका सबै स्थानीय तहहरुलाई उक्त कार्यमा सहजीकरण र समन्वय गरिदिन जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखज्यूहरुलाई विशेष अनुरोध गर्दै यस कार्यमा आवश्यक सहजीकरणको लागि सबै जिल्ला प्रशासन कार्यालयहरुलाई समेत अनुरोध गरिन्छ ।

कर्मचारी समायोजन सम्बन्धमा कुनै पनि किसिमको द्विविधा भएमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय कर्मचारी समायोजन तथा संगठन विकास महाशाखा प्रमुख केदार प्रसाद पनेरु (मोवाइलः९८५१२६२६२६), कर्मचारी समायोजन शाखाका उपसचिव एवं प्रवक्ता अनिता निरौला (मोबाइलः९८४१४९३८३८ ) तथा कर्मचारी समायोजन शाखाका उपसचिव केशर पंडित (मोबाइलः९८५१२०९००१) सँग सम्पर्क गर्न सकिनेछ ।

२०७५।०८।२५

अनिता निरौला

उपसचिव

कर्मचारी समायोजन शाखा